नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
(..................प्रशासन..........शाखा)

फोन नं.: ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं.: ४१०६७५७
टोल फ्रि नं.:१६६००१७५८८८
ईमेल: info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

पत्र संख्या:- २०७९/८०/१/११
प्राप्त पत्र संख्या:- ...............
च.नं.:- २४

मिति : २०७९/०४/०६

विषय :- निर्णय कार्यान्वयन सम्बन्धमा ।

**श्री नापी कार्यालयहरु, सबै ।**
**श्री विशेष नापी कार्यालयहरु, सबै ।**
**श्री डिजिटल नापी कार्यालय, बनेपा ।**

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.स. २०७९/०८०/१.१/प्र/१(१)४, च.नं ०६, मिति २०७९/०४/०१ को निर्णय कार्यान्वयन सम्बन्धी पत्रसाथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.सं.६/०७८-७९(सम्पत्ति विवरण), च.नं. ४३५६९, मिति २०७९/०३/२८ को पत्र यसै पत्र साथ संलग्न राखि पठाईएको छ । व्यहोरा उक्त पत्रबाट अवगत गर्नुभई आ.व.२०७६/०७७ मा तोकिएको समयमा सम्पत्ति विवरण नबुझाउने पदाधिकारी/कर्मचारीहरुले रु ५०००(पाँच हजार) जरिवाना संघीय राजस्व खाता शीर्षक नं.१४३१२ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कोड नं. २०६००३५०१ खुलाई सरकारी कारोबार गर्ने बैंकहरुमा दाखिला गरे/नगरेको यकिन गरी साथै जरिवाना दाखिला गरेता पनि ३० दिनभित्र यस विभागमा सम्पत्ति विवरण पेश गरेको/नगरेको समेत एकिन गरी उक्त पदाधिकारी/कर्मचारीहरुको विवरण ५(पाँच) दिन भित्र यस विभागको email ठेगाना prashasan@dos.gov.np मा समेत पठाउनु हुन आदेशानुसार अनुरोध छ ।

(राधा देवकोटा उपाध्याय)
उप सचिव

बोधार्थ :

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
श्री सूचना प्रविधि तथा यन्त्र उपकरण शाखा, नापी विभाग : Website मा upload गरिदिनुहुन ।

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्स: ४२३२२६२
४२११६४५

नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

प्रशासन

प.सं. : २०७९/०८०/१.१/प्र/१(१)४
च.नं. : 06

सिंहदरबार, काठमाडौं

मितिः- २०७९/०४/०१

विषयः- निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री राष्ट्रिय भूमि आयोग, रेडक्रसमार्ग, ताहाचल ।
श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, ववरमहल ।
श्री नापी विभाग, मिनभवन ।
श्री सहकारी विभाग, नयाँवानेश्वर ।
श्री भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल, काभ्रे ।
श्री सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र, नयाँवानेश्वर ।
श्री समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय, अनामनगर, काठमाण्डौ ।
श्री गुठी संस्थान, प्रधान कार्यालय, त्रिपुरेश्वर ।
श्री राष्ट्रिय सहकारी वोर्ड, हरिहरभवन, पुल्चोक ।
श्री साझा प्रकाशन सहकारी संस्था लि.पुल्चोक, ललितपुर ।
श्री साझा भण्डार सहकारी संस्था लि. भोटाहिटी, काठमाण्डौं ।
श्री साझा यातायात सहकारी संस्था लि.पुल्चोक, ललितपुर ।
श्री साझा सेवा सहकारी संस्था लि.बल्खु ।
श्री साझा स्वास्थ्य सेवा सहकारी संस्था लि. साततले कपन, चावहिल ।

नापी विभाग
दर्ता नं.: ९६५
प्राप्त मिति: २०७९।४।५

यस मन्त्रालयमा श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, (महाशाखा नं ६) टंङ्गाल, काठमाण्डौंको प.सं.६/०७८-०७९ (सम्पत्ति विवरण) च.नं. ४३५६९ मिति २०७९/०३/२८ को "निर्णय कार्यान्वयन सम्वन्धमा" प्राप्त पत्रको छाँयाप्रति पाना १(एक) यसैसाथ संलग्न गरी पठाइएको छ । सो पत्रको सन्दर्भमा विगत आर्थिक बर्ष २०७६/०७७ मा तोकिएको समयमा सम्पत्ति विवरण नबुझाउने पदाधिकारी/कर्मचारीहरुले रु. ५०००/- (पाँच हजार मात्र) जरिवाना संघीय राजस्व शाखा शीर्षक नं. १४३१२ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कोड नं. २०६००३५०१ खुलाई सरकारी कारोबार गर्ने बैंकहरुमा दाखिला गरे/नगरेको र ३० दिन भित्र सम्पत्ति विवरण सम्बन्धित निकायमा पेश गरे/नगरेको यकिन गरी जरिवाना र सम्पत्ति विवरण बुझाएका र नुबझाएका पदाधिकारी/कर्मचारीहरुको विवरण उपलब्ध गराउन सम्बन्धित आयोग/मन्त्रालय/केन्द्रीय निकायहरुमा लेखी पठाउने भन्ने आयोगको मिति २०७९/०२/१९ को निर्णय भएकोले तहाँ मातहतका निकायहरुमा विगत आ.व.२०७६/०७७ मा तोकिएको समयमा सम्पत्ति विवरण पदाधकारी/कर्मचारीहरुले रु. ५०००/- (पाँच हजार मात्र) जरिवाना दाखिला गरे/नगरेको यकिन गरी जरिवाना र सम्पत्ति विवरण बुझाउने र नबुझाएका पदाधिकारी/कर्मचारीहरुको विवरण पुनः ताकेता गर्न नपर्ने र पछि सम्म फरक नपर्ने गरी १५ (पन्ध्र) दिन भित्र उक्त आयोगमा उपलब्ध गराउनु हुनका साथै जरिवाना र सम्पत्ति विवरण नबुझाएका पदाधिकारी/कर्मचारीहरुलाई ३० दिन भित्र जरिवाना दाखिला गरी सम्पत्ति विवरण तोकिएको निकायमा बुझाउने व्यवस्था गरी सो को जानकारी उक्त आयोगमा गराई यस मन्त्रालयमा समेत जानकारी दिनु हुन मिति २०७९/०४/०१ को निर्णयानुसार अनुरोध छ ।

(राज बहादुर बिष्ट)
शाखा अधिकृत

वोधार्थः
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, (महाशाखा नं ६) टंङ्गाल, काठमाण्डौः- तहाँको प.सं.६/०७८-०७९ (सम्पत्ति विवरण) च.नं. ४३५६९ मिति २०७९/०३/२८ को पत्रको सन्दर्भमा ।

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
(महाशाखा नं. ६)

प.सं.: ६/०७८-७९(सम्पत्ति विवरण)
च.नं.: ४३२६९

मितिः २०७९/०३/२८

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

प्रस्तुत विषयमा विगत आर्थिक बर्ष २०७६/०७७ मा तोकिएको समयमा सम्पत्ति विवरण नबुझाउने पदाधिकारी/कर्मचारीहरूले रु. ५०००/- (पाँच हजार मात्र) जरिवाना संघीय राजस्व खाता शीर्षक नं. १४३१२ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कोड नं. २०६००३५०१ खुलाई सरकारी कारोबार गर्ने बैंकहरूमा दाखिला गरे/नगरेको र ३० दिनभित्र सम्पत्ति विवरण सम्बन्धित निकायमा पेश गरे/नगरेको यकिन गरी जरिवाना र सम्पत्ति विवरण बुझाएका र नबुझाएका पदाधिकारी/कर्मचारीहरूको विवरण उपलब्ध गराउन सम्बन्धित आयोग/मन्त्रालय/सचिवालय/केन्द्रीय निकायहरू/प्रदेश प्रमुखको कार्यालय/प्रदेशसभा सचिवालय/मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/प्रदेश मन्त्रालयहरू र राष्ट्रिय सतर्कता केन्द्रलाई लेखी पठाउने भन्ने आयोगको मिति २०७९/०२/१९ को निर्णय भएकोले तहाँ मन्त्रालयमा विगत आर्थिक बर्ष २०७६/०७७ मा तोकिएको समयमा सम्पत्ति विवरण नबुझाउने पदाधिकारी/ कर्मचारीहरूले रु. ५०००/- (पाँच हजार मात्र) जरिवाना दाखिला गरे/नगरेको, जरिवाना दाखिला गरेता पनि ३० दिनभित्र तोकिएको निकायमा सम्पत्ति विवरण पेश गरे/नगरेको यकिन गरी जरिवाना र सम्पत्ति विवरण बुझाएका र नबुझाएका पदाधिकारी/कर्मचारीहरूको विवरण पुनः ताकेता गर्न नपर्ने र पछि सम्म फरक नपर्ने गरी १५ दिन भित्र यस आयोगमा उपलब्ध गराउनु हुन अनुरोध छ। साथै जरिवाना र सम्पत्ति विवरण नबुझाएका पदाधिकारी/कर्मचारीहरुलाई ३० दिन भित्र जरिवाना दाखिला गरी सम्पत्ति विवरण तोकिएको निकायमा बुझाउने व्यवस्था गरी सो को जानकारी समेत यस आयोगमा गराउनु हुन निर्णयानुसार अनुरोध छ।

(विष्णुराज बेल्बासे)
उपसचिव

(कृपया पत्राचार गर्दा आयोगको महाशाखा, पत्र संख्या, च.नं. र मिति अनिवार्य रुपमा उल्लेख गरिदिनु होला।)

२६२१८०, ५२६२२४७, टोलफ्रि नं. : १६६०-०१-२२२३३, फ्याक्स : ५२६२१२८, ५२६२१०४, E-mail : akhtiyar@ntc.net.np